# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या ३, मितिः २०८०/०२/०१

## भाग–२

## भरतपुर महानगरपालिका वातावरण मैत्री वडा घोषणा सम्बन्धी कार्यविधी, २०८०

# भरतपुर महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती, नेपाल

# भरतपुर महानगरपालिका वातावरण मैत्री वडा घोषणा सम्बन्धी कार्यविधि, २०८०

पारित मितिः२०८०/०१/२६

प्रमाणिकरण मितिः२०८०/०२/०१

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका भित्रको वातावरण अनुकुल दिगो उपयोगका साथै नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्यून गर्न उपयुक्त उपाय अवलम्बन गर्ने तथा जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाइ औद्योगिक र भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, पंक्षी, वनस्पती, जैविक विविधताको संरक्षण सम्वर्द्धन र दिगो उपयोग गर्ने तथा पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्नुका साथै वातावरण संरक्षण,जलबायू परिवर्तन अनुकुलन, फोहरमैला व्यवस्थापन एवम् विपद् व्यवस्थापन, हरित गृह ग्यास उत्सर्जनमा न्यूनीकरण,कानुनी तथा नीतिगत प्रावधानहरुको प्रभावकारी कार्यान्वयनको लागि भरतपुर महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७६ र वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८ लाई अधार मानी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ उपदफा २ बमोजिम यो कार्यविधि बनाईएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

भरतपुर महानगरपालिकाका वातावरणमैत्री वडा घोषणा सम्बन्धी कार्यविधी,२०८० रहेको छ।यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणिकरण भएको मिति देखि लागू हुनेछ।

**२.परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

क. "कार्यालय" भन्नाले भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

ख. "टोल विकास" संस्था भन्नाले टोलको समग्र विकास गर्ने उद्धेश्यले गठन भई भरतपुर महानगरपालिकामा दर्ता भएको संस्था सम्झनु पर्छ।

ग. "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिका सन्झनु पर्छ।

घ. "वडा" भन्नाले भरतपुर महानगरपालिका भित्रको वडा सम्झनु पर्छ।

ङ. "समिति" भन्नाले सम्बन्धित वडालाई वातावरणमैत्री वडा घोषणा गर्नको लागि बनेको समिति सम्झनु पर्छ।

च. "संयोजक" भन्नाले वातावरणमैत्री वडा घोषणा गर्ने कार्यक्रमको संयोजन गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

**३. वातावरण मैत्री वडा घोषणा कार्यक्रमको लागि वातावरणमैत्री वडा समन्वय समिति (वातावरण समिति)**

पूर्ण सरसफाई तथा वातावरणमैत्री वडा घोषणा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने महानगरपालिकाको वडा तहमा देहाय बमोजिमको वातावरणमैत्री वडा समन्वय समिति (वातावरण समिति) रहनेछ।

| | |
|---|---|
| सम्बन्धित वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडा सदस्यहरु | सदस्य |
| सामुदायीक र संस्थागत विद्यालयका प्रधानाध्यापकबाट २ जना | सदस्य |
| स्थानीय स्वास्थ्य शाखाका प्रमुख | सदस्य |
| टोल विकास संस्थाको अध्यक्ष मध्येबाट (२ महिला सहित) ५ जना | सदस्य |
| नेपाल प्रहरी,स्थानीय ईकाइ प्रमुख | सदस्य |
| सामुदायीक वन उपभोक्ता समिति मध्येबाट १ जना | सदस्य |
| क्रियाशिल गैर सरकारी संस्थाका स्थानीय प्रतिनिधि-१ | सदस्य |
| आमा समुह मध्येबाट २जना | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

**४. समितिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिमको हुनेछ।**

क. वडा तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद व्यवस्थापन, भु-उपयोग योजना कार्यान्वयन, जलवायु परिवर्तन,अनुकुलन र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन समन्वय अनुगमन मूल्याकङ्कन तथा समीक्षा गर्ने।

ख. घर परिवार र टोललाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास सहयोग समन्वय तथा सहजीकरण गर्ने।

ग. आधारभुत सूचक पूरा गर्ने घर परिवार र टोललाई वातावरणमैत्री घोषणा गर्ने।

घ. वातावरणमैत्री वडा घोषणा गर्न महानगरपालिका समक्ष सिफारिस गर्ने।

ङ. परिस्कृत सूचक हासिल गर्ने घर परिवार तथा टोललाइ तारा सहितकोँ लोगो प्रदान गर्ने।

च. वातावरणमैत्री घर परिवार टोलको विवरण बार्षिक रुपमा महानगरपालिका पठाउने।

छ. वातावरणमैत्री घर परिवार र टोललाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने।

ज. वडालाई वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरु गर्ने ।

**५. कार्यक्षेत्रः**

यो समितिको कार्यक्षेत्र सम्बन्धित वडा /वडाहरुको कार्यक्षेत्र भित्र रहने छ।

**६. वडा छनौटः**

वातावरणमैत्री वडा घोषणाको लागि वडा छनौट गर्दा न्यूनतम सूचक पुरा गरेका वडालाई महानगरपालिकाको समन्वयमा वडा छनौट गर्नु पर्नेछ।

**७. कार्यक्रम सञ्चालनः**

महानगरपालिकाले स्वीकृत वार्षिक कार्यक्रमको परिधिमा रहि उपलब्ध साधन स्रोतको भरपुर उपयोग गरि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ।

**८. सूचकको वर्गीकरणः**

घर परिवार, टोल र वडा तहको लागि वातावरणमैत्री स्थानीय शासनका मानकका रुपमा अनुसूचीहरुमा उल्लेख भए बमोजिम छुट्टाछुट्टै सूचकहरुको व्यवस्था गरिएको छ।

क) आधारभुत सूचकः

घरपरिवार देखि जिल्ला तह सम्म अनिवार्य रुपमा पूरा गर्नुपर्ने गरी व्यवस्था गरिएका सूचकहरु आधरभुत सूचकहरु हुन्।

ख) परिस्कृत सूचकः

आधारभूत तह भन्दा माथिल्लो स्तरको सूचक हरुलाई परिस्कृत सूचकको रुपमा राखिएको छ।

**९. क्षमता विकासः**

(अ) टोल-समुदाय तह

(क) महानगरपालिकाको वडा भित्र कार्यरत स्वयंसेवक, टोलका पदाधिकारीहरु, सामाजीक अभियन्ताहरुलाई जिम्मेवारी भूमिका थप गर्न वातावरणमैत्री स्थानीय शासनको प्रारुप सम्बन्धी विषयमा समुदायको क्षमता अभिवृद्धिका लागि परिचालन गर्नुपर्नेछ।

(ख) टोल विकास संस्था/टोल विकास समितिका सदस्यहरू, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, युवाक्लब तथा वन उपभोक्ता समूह जस्ता सामुदायिक संस्थाहरुलाई वातावरणमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखिकरण तथा क्षमता विकासका लागि तालिमहरु सञ्चालन गर्नुपर्नेछ ।

(ग) समुदाय टोल एवम् वडाहरूमा वातावरणमैत्री स्थानीय शासनबारे प्रचार-प्रसार र अन्य जनचेतनामूलक कायक्रम सञ्चालन गर्नुपर्नेछ।

(घ) अगुवा कृषकहरू मार्फत प्राङ्गारिक खेती, उन्नत खेती, खेतबारी संरक्षण तथा रासायनिक विषादीको नकारात्मक असर बारे कृषकहरुलाई प्रर्दशनी-चेतना जागरण र सीप प्रदान गर्न गराउने जस्ता क्रियाकलाप सञ्चालन र्गनुपर्नेछ ।

(ङ) क्षमता विकास सम्बन्धी उपरोक्त क्रियाकलापहरु वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति मार्फत सञ्चालन र्गनुपर्नेछ ।

(च) फोहरको उत्सर्जनमा न्यूनिकरण गर्ने उद्धेश्यले फोहोरमैलाको वर्गीकरण गरी पुनचक्रण (Recycle) र पुनः प्रयोग (Reuse) हुने फोहरलाई (Recycle) र पुनः प्रयोग (Reuse) गर्ने कार्यमा प्रोत्साहन हुने खालका कार्यक्रम तथा तालिमहरु प्रदान गर्नुपर्नेछ।

(आ) वडा तह

वडा भित्रका महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब, विद्यालयका सम्बन्धित विषय शिक्षक तथा सामाजिक अभियन्ताहरूलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, घरपरिवार तह तथा वडा तहका सूचकहरू, सूचक हासिल गर्न विधी र प्रक्रिया, मापन गर्ने विधि र प्रक्रियाबारे सम्बन्धित वडाको अर्गुवाइमा अभिमुखीकरण कार्यक्रम गर्नुपर्नेछ।

**१०. लागत अनुमान स्वीकृत गरि खर्च गर्नेः**

समितिहरुको क्षमता विकास गर्न,समिति बैठक सञ्चालन खर्च, टोलबासीहरुको प्रतिनिधित्व रहने गरी टोल विकास समितिका पदाधिकारी समेतको क्षमता विकास/ तालिम सञ्चालन खर्च, अनुगमन तथा मुल्याङ्कन खर्च, प्रतिवेदन खर्च,होडिङ्ग बोर्ड, प्रमाण पत्र छपाई तथा वितरण, संचार, प्रचार-प्रसार,प्लेकार्ड,पम्प्लेट छपाई खर्च र घोषणा कार्यक्रममा हुने खर्च आदी जस्ता विषयमा कार्यक्रमको बजेटबाट खर्च हुने गरि लागत अनुमान बमोजिम खर्च गर्न सकिने छ ।

**११. समयावधिः**

यो समितिको समयावधि (यदि यो समितिले समिति भङ्ग गर्न चाहेमा) वडालाई वातावरणमैत्री वडा घोषणा नगरुन्जेल सम्म मात्र रहने छ भने वातावरण संरक्षण कार्यलाइ निरन्तरता दिनको लागि वडा भित्रको टोल विकास समितिहरुको प्रतिनिधित्व रहने गरि ११ सदस्यीय वातावरण संरक्षण तथा सरसफाई समिति गठन गरिसके पश्चात यो समिति निश्क्रिय रहेको ठहरिने छ भने समिति हेरफेर गर्न नचाहेको अवस्थामा यसै समितिलाई निरन्तरता दिन पनि सकिने छ।वातावरणमैत्री वडा घोषणा गरिसकेपश्चात वातावरण तथा सर-सफाई समिति नामाकरण गर्नुपर्ने छ र यस्तो समितिको समयावधि २ वर्षको रहने छ।

**१२. प्रमाण पत्र वितरणः**

वातावरणमैत्री हुनका लागि पूरा गर्नुपर्ने घर तहको, टोल तहको र वडा तहको सूचकहरु पूरा गरी घर,टोल तथा वडाका सूचकहरु हासिल गरिसकेपछि स्थलगत अनुगमन गरी टोल विकास संस्थालाई तोकिएको ढाँचामा हरियो तारा सहितको लोगो र प्रमाण पत्र प्रदान गर्न सक्ने छ।प्रमाण पत्रको ढाँचा समितिले तोके बमोजिम हुने छ।

**१३. वडा तह मापन गर्ने संयन्त्र**

नगरकार्यपालिका सदस्यहरु मध्येबाट वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समितिले तोकेको सदस्यको संयोजकत्वमा

- महानगरको प्राविधिक
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुख/प्रतिनिधि
- सम्बन्धित वडाका विद्यालयको प्रधानाध्यापक मध्येबाट १ जना
- वडास्तरभित्र क्रियाशिल गैर सरकारी संस्थाका प्रतिनिधि।
- महानगरपालिका वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख/प्रतिनिधि समेतको टोली मार्फत मापन गर्ने।

**१४.वातावरणमैत्री स्थानीय शासन महानगर समन्वय समितिमा देहाय बमोजिमको वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समिति रहनेछ।**

| | |
|---|---|
| - नगर प्रमुख | अध्यक्ष |
| - नगर उप-प्रमुख | सदस्य |
| - प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

- जिल्ला प्रहरी कार्यालय प्रमुख सदस्य
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्रमुख सदस्य
- शिक्षा महाशाखा प्रमुख सदस्य
- स्वास्थ्य तथा सामाजिक विकास महाशाखा प्रमुख सदस्य
- जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि सदस्य
- जिल्ला समन्वय समिति अधिकृत प्रतिनिधि सदस्य
-सामुदायीक विद्यालयका प्रधानाध्यापकबाट ३ जना(१ महिला सहित)सदस्य
- सामुदायीक वन उपभोक्ता समुहका अध्यक्ष मध्येबाट २ जना सदस्य
- उद्योग बाणिज्य संघका अध्यक्ष सदस्य
- गैर सरकारी संस्था स्थानीय समन्वय समितिका प्रमुख सदस्य
- वातावरण तथा विपद् व्यवस्थापन महाशाखा/सरसफाई व्यवस्थापन शाखाका प्रमुख-सदस्य-सचिव

**१५. नगर समन्वय समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) स्थानीय तहमा सञ्चालन हुने वातावरण संरक्षण सम्बन्धि कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समिक्षा गर्ने।

ख) वडालाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास तथा सहयोग समन्वय र सहजिकरण गर्ने।

ग) वडालाई वातावरणमैत्री घोषणा गर्ने तथा घर र टोललाई वातावरणमैत्री घोषणा गर्ने सहमति प्रदान गर्ने ।

घ) वातवरणमैत्री नगर घोषणा गर्न सिफारिस गर्ने।

ङ) वातावरणमैत्री घर-परिवार, टोल तथा वडा सम्बन्धी विवरण आवश्यकता अनुरुप जिल्ला समन्वय तथा राष्ट्रिय समन्वय समितिमा पठाउने।

च) वातावरणमैत्री टोल एवम वडालाई पुरस्कृत र प्रोत्साहन गर्ने सिफारिस गर्ने।

छ) परिस्कृत सूचक हासिल गर्ने वडालाई तारा सहितको लोगो प्रदान गर्ने।

ज) नगरको विशिष्टताको आधारमा थप सूचक समावेश गर्नु पर्ने भए सहमतिका लागि वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति मार्फत राष्ट्रिय समन्वय समिति समक्ष अनुरोध गर्ने।

झ) स्थानीय तहलाई पूर्णरुपमा वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरु गर्ने।

# भरतपुर महानगरपालिका भित्रको वडाको लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरु

महानगरपालिकाका भित्रको वडाको लागि घरपरिवार तह,टोल तह, वडा तह गरी वातावरणमैत्री स्थानीय शासनका चार तहका सूचकहरु पहिचान गरिएको छ ।जसलाई पालिकातह बाहेक देहाय बमोजिम तिन तहका अनुसूचीमा उल्लेख गरिएको छ ।

## अनुसूची-१

**घरपरिवार तहः**

### १.१ आधारभूत सूचक

महानगरपालिकाको लागि घर परिवार तहका आधारभूत सूचकहरु देहाय बमोजिम रहेका छन्।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | क. सरसफाईको अवस्था | | | |
| १.आधारभुत सरसफाई तथा घरभित्रको फोहरको अवस्था | १.शौचालयको व्यवस्था, त्यसको उचित प्रयोग भएको<br>२.व्यक्तिगत सरसफाईमा ध्यान दिएको।<br>३. आफ्नो घर भित्रको फोहर सड्ने र नसड्ने वर्गीकरण गरी सड्नेलाई आफै वा समुह बनाई मल बनाउने गरेको।<br>४.नसड्ने फोहरलाई महानगरले तोके बमोजिम उचित व्यवस्थापन गरेको।<br>५.घरपालुवा जनावरलाई घरक्षेत्र बाहिर खुल्ला रुपमा दिसा गराउने नगरेको र गराएमा आफैले उठाएर आफ्नो घर परिसरमा लगि व्यवस्थित गर्ने गरेको। | | | |
| | ख.स्वच्छ उर्जा प्रयोग | | | |
| १.उर्जाको प्रयोग | १.घरभित्र उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको।<br>२.स्वच्छ वैकल्पिक उर्जा(जस्तै बायोग्यास सोलार)को प्रयोग गरिएको।<br>३.खाना पकाउन दाउरा प्रयो गरेको अवस्थामा धुवाँरहित सुधारीएको चुल्हो प्रयोग गरेको। | | | |
| | ग.हरियाली तथा शहरी सौन्दर्य | | | |
| हरियाली तथा शहरी सौन्दर्य प्रवर्द्धन | १.घर कम्पाउण्डमा फलफुल तथा विभिन्न प्रजातीको बोट बिरुवाहरु भएको,<br>२.घर परिसरमा विरुवा रोप्ने ठाउ नभएको अवस्थामा गमला तथा कौशीमा तरकारी खेती गरेको, | | | |

| | | | | |
|---|---|---|---|---|
| घ. खानेपानी | | | | |
| १. वर्षातको पानीको संकलन तथा भण्डारण | बर्षातमा घर कम्पाउण्ड भित्र परेको पानी संकलन भण्डारण गर्ने व्यवस्था मिलाएको वा जमिन भित्र जाने व्यवस्था गरिएको। | | | |
| २. पिउने पानी | पिउनेपानीका लागि शुद्धिकरणका उपायहरु अवलम्बन गरी सुरक्षित पानी प्रयोग गरिएको। | | | |

## १.२ परिस्कृत सूचक

महानगरपालिकाको घरपरवार तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छन।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| क. सरसफाईको अवस्था | | | | |
| १. ढलको उचित व्यवस्थापन | १. घरमा सेप्टिक टंकिको व्यवस्था गरी सञ्चालनमा रहेको।(ढलको प्रशोधन गरेर मात्र अन्तिम निकास गर्ने गरेको) | | | |
| २.घर आगन बाहिर सडकको सरसफाईको स्थिति | आफ्नो घर आगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको। | | | |
| ३. प्लाष्टिक झोलाको नियन्त्रण | प्लाष्टिक झोलाको न्यून प्रयोगको लागि त्यसको विकल्पमा कपडाको झोला प्रयोग गर्न प्रोत्साहन गर्ने गरेको। | | | |
| ख.स्वच्छ उर्जा प्रयोग | | | | |
| १. स्वच्छ उर्जाको उपयोग | घरमा खाना पकाउन विद्युतिय उर्जा/ ग्यासको प्रयोग गरेको । | | | |
| ग.हरियाली तथा शहरी सौन्दर्य | | | | |
| १. घर परिसरमा खुल्ला ठाउको व्यवस्थापन | घर निर्माण गर्दा महानगरले निर्धारण गरे बमोजिमको जमिनको क्षेत्रफल खाली राखेको। | | | |
| २. शहरी सौन्दर्य | घर अगाडी विभिन्नजातका फुलहरु रोपेको/स्थान उपलब्ध नभएमा गमलामा कौशी तथा बरण्डामा रोपेको | | | |
| ग. खानेपानी | | | | |
| १. वर्षातको पानीको संकलन तथा भण्डारण | बर्षातमा घर कम्पाउण्ड भित्र परेको पानी संकलन भण्डारण गर्ने व्यवस्था मिलाएको वा जमिन भित्र जाने व्यवस्था गरिएको। | | | |
| घ.भवन निर्माण सहिताको पालना | | | | |
| १. सुरक्षित भवन निर्माण | १.घर निर्माण गर्दा भवन निर्माण सहिताको पालन गरी भुकम्प प्रतिरोधी प्रविधि अवलम्बन गरेको, २. भवन निर्माण सहिता पालना नगरी बनाएको घरको प्रवलीकरण गरेको। | | | |

# अनुसूची-२

## टोल तह:

## २.१ आधारभूत सूचकहरुः

महानगरपालिकाको लागि टोल तहका आधारभूत सूचकहरु देहाय बमोजिम रहेका छन्।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | क. सरसफाईको अवस्था | | | |
| १. टोल विकास समिति | १स्थानीय टोल समुदायमा त्याहाँका असी प्रतिशत वा सो भन्दा बढी घर- परिवार संलग्न भएको टोल विकास समिति गठन भएको। | | | टोल विकास समिति दर्ता प्रमाणपत्र र सदस्यता देखिने दस्तावेज |
| २. टोल सरसफाई अभियान | १. कम्तिमा महिनाको एक पटक नियमित रुपमा आफ्नो टोल समुदायको क्षेत्रभित्र सामुहिक रुपमा सरसफाई अभियान सञ्चालन गर्ने गरेको।<br>२.घरबाट बाहिर निष्काशन गरिने फोहर सडक,पेटी र सार्वजनिक स्थानमा जम्मा नगरी सिधै सङ्कलन गर्न आउने सवारी साधनमा राख्ने गरेको वा नगरपालिकाले तोके बमोजिम व्यवस्थापन गरेको। | | | |
| | ख.स्वच्छ उर्जा प्रयोग | | | |
| १.उर्जाको प्रयोग | १.घरभित्र उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको।<br>२.स्वच्छ वैकल्पिक उर्जा(जस्तै बायोग्यास सोलार)को प्रयोग गरिएको।<br>३.खाना पकाउन दाउरा प्रयोग गरेको अवस्थामा धुवाँरहित सुधारिएको चुल्हो प्रयोग गरेको। | | | |
| | ग.हरियाली तथा शहरी सौन्दर्य | | | |
| हरियाली तथा शहरी सौन्दर्य प्रवर्द्धन | १.घर कम्पाउण्डमा फलफुल तथा विभिन्न प्रजातीको बोट बिरुवाहरु भएको,<br>२.घर परिसरमा विरुवा रोप्ने ठाउ नभएको अवस्थामा गमला तथा कौशीमा तरकारी खेती गरेको, | | | |

| | | | | |
|---|---|---|---|---|
| घ. खानेपानी | | | | |
| १. वर्षातको पानीको संकलन तथा भण्डारण | बर्षातमा घर कम्पाउण्ड भित्र परेको पानी संकलन भण्डारण गर्ने व्यवस्था मिलाएको वा जमिन भित्र जाने व्यवस्था गरिएको। | | | |
| २. पिउने पानी | पिउनेपानीका लागि शुद्धिकरणका उपायहरु अवलम्बन गरी सुरक्षित पानी प्रयोग गरिएको। | | | |

## २.२ परिस्कृत सूचक

महानगरपालिकाको घरपरवार तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छन।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| क. सरसफाईको अवस्था | | | | |
| १. ढलको उचित व्यवस्थापन | १. घरमा सेप्टिक टंकिको व्यवस्था गरी सञ्चालमा रहेको।(ढलको प्रशोधन गरेर मात्र अन्तिम निकास गर्ने गरेको) | | | |
| २.घर आगन बाहिर सडकको सरसफाईको स्थिति | आफ्नो घर आगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको। | | | |
| ३. प्लाष्टिक झोलाको नियन्त्रण | Recycle हुने प्लाष्टिक झोला प्रयोग गर्ने गरेको। | | | |
| ख.स्वच्छ उर्जा प्रयोग | | | | |
| १. स्वच्छ उर्जाको उपयोग | घरमा खाना पकाउन विद्युतिय उर्जा/ ग्यासको प्रयोग गरेको । | | | |
| ग.हरियाली तथा शहरी सौन्दर्य | | | | |
| १. घर परिसरमा खुल्ला ठाउको व्यवस्थापन | घर निर्माण गर्दा महानगरले निर्धारण गरे बमोजिमको जमिनको क्षेत्रफल खाली राखेको। | | | |
| २. शहरी सौन्दर्य | घर अगाडी विभिन्नजातका फुलहरु रोपेको/स्थान उपलब्ध नभएमा गमलामा कौशि तथा बरण्डामा रोपेको | | | |
| ग. खानेपानी | | | | |
| १. वषर्षातको पानीको संकलन तथा भण्डारण | बर्षातमा घर कम्पाउण्ड भित्र परेको पानी संकलन भण्डारण गर्ने व्यवस्था मिलाएको वा जमिन भित्र जाने व्यवस्था गरिएको। | | | |
| घ.भवन निर्माण सहिताको पालना | | | | |
| १. सुरक्षित भवन निर्माण | १.घर निर्माण गर्दा भवन निर्माण सहिताको पालन गरी भुकम्प प्रतिरोधी प्रविधि अवलम्बन गरेको,<br>२. भवन निर्माण सहिता पालना नगरी बनाएको घरको प्रवलीकरण गरेको। | | | |

# अनुसूची-३

**वडा तहः**

## ३.१ आधारभुत सूचकहरुः

महानगरपालिकामा वडा तह वातावरणमैत्री हुन वडाभरका सबै टोलवस्ती वातावरणमैत्रीका सूचकहरु पुरा भएको हुनु पर्दछ। यसका अलवा वडा तहका आधारभुत सूचकहरु देहाय बमोजिम तय गरिएको छ।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | क. खानेपानी तथा सरसफाईको अवस्था | | | |
| १. खानेपानीका मुहान तथा स्रोतको संरक्षण | १. वडामा भएका सबै खानेपानीको श्रोतको लगत राखी संरक्षण गरिएको र सबै पानीका श्रोतको गुणस्तर परीक्षण गरिएको।<br>२.पानी सुरक्षा सम्बन्धि तालिमहरु सञ्चालन गरेको र वडाबासीलाई भुमिगत जलश्रोतको पुनरभरण एवम् बहु उपयोगिताको निम्ति आकासे पानी संकलन र प्रयोगलाई प्रोत्साहन गर्न निति तथा कार्यक्रम तर्जुमा गरी लागू गरेको। | | | |
| २.फोहारमैला व्यवस्थापन | १.फोहर न्यून उत्सर्जनका लागि फोहरलाई उत्सर्जन स्थलमा नै वर्गीकरण गरि Recycle र Reuse गर्ने गरेको।<br>२.घर घरबाट संकलित फोहरको उचित व्यवस्थापन गरेको।<br>३.वडा परिसरमा प्लाष्टिक झोलाको प्रयोगलाई कम गर्ने बैकल्पिक उपायको विकस र त्यसको प्रयोगमा प्रोत्साहन गर्ने गरेको।<br>४.टोल /टोलमा प्लाष्टिकजन्य फोहरको व्यवस्थापनको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन तथा प्लाष्टिक संकलन गरी Recycle Centre मा पठाउने प्रयत्न गर्ने गरेको। | | | |
| ३. ताल पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | १.टोल तथा वडाभित्रका सबै ताल पोखरी तथा सिमसार क्षेत्रको लगत कायम गरी सबै ताल पोखरी तथा सिमसार क्षेत्रको संरक्षणका लागि समिति गठन गरी संरक्षण कार्यक्रम सञ्चालन गरिएको। | | | |
| | ख.जलवायू परिवर्तन तथा विपद् व्यवस्थापन | | | |
| १.विपद् व्यवस्थापन सम्बन्धि आधारभुत क्षमता विस्तृत अध्ययन तथा आपतकालिन सुरक्षित क्षेत्र | जलबायू परिवर्तन सम्बन्धी आधारभुत ज्ञान सिप तथा क्षमताको विकासका लागि समुदाय तहमा अनुशिक्षण कार्यक्रम सञ्चालन भएको।<br>२.वडागत रुपमा विपद्जोखिम संकटासन्नता तथा क्षमता मुल्याङ्कन गरि प्रतिवेदन तयार भएको ।<br>३.विपद्को अवस्था तत्काल उद्धारका लागि सुरक्षित स्थल निर्धारण गरि सोको संकेत गरिएको ।<br>४. विपद् जोखिम न्यूनीकरणको लागि वडास्तरीय स्वयं सेवकहरुको समुह बनाई परिचालन गरेको। | | | |

| | | | | |
|---|---|---|---|---|
| ग. वन तथा भु-संरक्षण | | | | |
| १. वन संरक्षण तथा दिगो व्यवस्थापन | वडाको भुगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्रको क्रियाशिल वन उपभोक्ता समितिसंग सहकार्य गरेको। | | | |
| २. पर्ति जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | पर्ती वा सरकारी वा सार्वजनिक जग्गाको नक्शा विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा वृक्षारोपण गरी संरक्षण गरेको। | | | |

## ३.२ परिस्कृत सूचक

**वडा तहक लागि परस्कृत सूचक देहाय वमोजिम तय गरिएको छ।**

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| क.सडक नाला व्यवस्थापन | | | | |
| सडक नालाको व्यवस्थापन | १. वडाका सडकहरुमा बर्षातको पानी निकास हुने कुलेसो वा नाली भएको । <br> २. सडको दाँया बायाँ रहेको नालीमा नियमित सफा गरिएको <br> ३. सडक किनारमा रहेका विजुलीको पोल तथा तार व्यवस्थित भएको। | | | |
| ख.कृषी | | | | |
| प्राङ्गारिक विधिको कृषिलाई प्रोत्साहन | वडाका कृषकहरुलाई वाली विविधिकरण,कृषी जैविक विविधता संरक्षण एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक विधिमा आधारित खेतीबारे तालिम प्रदान गरेको। | | | |
| प्राङ्गारिक खेती प्रणालीको अवलम्बन | १. वडाका तालिम प्राप्त व्यावसायीक कृषकहरुले जैविक वनस्पतिजन्य विषादीको प्रयोग गरि खेतीपाती गर्ने विधिलाई प्राथमिकता दिने गरेको। <br> २. वडाका सबै कृषकहरुले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेको। | | | |

| | | | | |
|---|---|---|---|---|
| ग. जलवायू परिवर्तन तथा विपद् व्यास्थापन | | | | |
| वडा विपद तथा जलबायु उत्थानशील समिति गठन र क्षमता विकास | १. वडा स्तरमा सामुदायीक विपद् तथा जलवायू उत्थानशील समिति गठन भएको।<br>२. वडामा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा स्थानिय युवाक्लब आमा समुह वन उपभोक्ता समिति टोल विकास संस्था जस्ता समाजिक संघ संस्थाका प्रतिनिधिहरुलाई समेटी जलवायू परिवर्तन र विपद जोखिम न्यूनिकरण विषयमा सचेतना कार्यक्रम सञ्चालन गरेको र वडाका कम्तीमा दश प्रतिशत घरपरिवारका सदस्यहरुलाई जलवायू परिवर्तन तथा विपद् जोखिम बारे तालिम दिएको। | | | |
| घ. वन तथा भू-संरक्षण | | | | |
| वन संरक्षण तथा व्यवस्थापन | वडाको भूगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र क्रियाहिल वन उपभोक्ता संस्था तथा सम्बन्धित वन कार्यालयको सहकार्यमा दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरेको | | | |
| २.पर्ती वा सार्वजनीक वा सरकारी जग्गामा वृक्षारोपण तथा उद्यान व्यवस्थापन | १. वडाक्षेत्रको हालको पर्ती/सार्वजनीक/सरकारी जग्गामा वार्षिक रुपमा रुख/डालेघाँस फलफूलका विरुवा रोपी हुर्काएको।<br>२.वाडा भित्रको सबै सरकारी तथा सार्वजनीक जग्गाको नक्शा र लगत सहितको विवरण राखिएको।<br>३. वडा भित्रको पर्ती ,ऐलानी र सार्वजनीक जग्गामा बाल क्रिडास्थल उद्यान वा खेलकुद स्थान वा जेष्ठनागरिक विश्राम स्थलको व्यवस्था गरेको। | | | |
| ङ. प्रदुषण रोकथाम र नियन्त्रण | | | | |
| प्रदुषण गर्नेलाई दण्डको व्यवस्था | वडा भित्रका घर उद्योग तथा अन्य व्यवसायहरुबाट निष्काशन हुने अत्याधिक ध्वनीँ धुँवा आदी व्यवस्थित गर्न टोल विकास समितिको सिफारिसको आधारमा नेपाल सरकारबाट तय गरिएको सिमा उल्लंघन गर्ने व्यक्ती उद्योग वा संस्थालाई कारबाहीको लागि म.न.पा. तथा जिल्ला प्रशाशन कार्यालय समक्ष सिफारिस साथ पठाएको। | | | |

**आज्ञाले**

**नरेन्द्र कुमार राना**

**प्रमुख प्रशासकिय अधिकृत**